# पोखरा महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सार्वजनिक निजी साझेदारी समिति

न्युरोड, पोखरा

२०७७।०७८

सार्वजनिक निजी साझेदारीको प्रस्ताव फारम

प्रस्ताव पत्र नं. : ०२/सानिसा/०७७-७८

प्रस्तावको विषय : **मोरे खहरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामाग्री संकलन तथा निकासी गर्ने**

फारम दस्तुर : रु. ५०००।००

# विषय सूची


| सि.नं. | विषयबस्तु | पेज नं. |
|---|---|---|
| १. | सार्वजनिक सूचना | ३ |
| २. | सार्वजनिक सूचनामा संशोधन | ५ |
| ३. | प्रस्तावदातहरुलाई प्रस्ताव तैयार गर्ने सन्दर्भमा थप सूचना तथा प्रिविड बैठक सम्बन्धी जानकारी | ६ |
| ४. | प्रस्तावको भाष | ७ |
| ५. | आयोजना संग सम्बन्धित कानुनी व्यवस्था | ८ |
| ६. | महानगरपालिकाले वहन गर्ने दायित्व | ९ |
| ७. | प्रस्ताव जमानतको ढाँचा | १० |
| ८. | प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार | ११ |
| ९. | प्रविधिक प्रस्तावको खण्ड | २३ |
| १०. | प्राविधिक प्रस्ताव पेश गर्ने पत्रको ढाँचा | २४ |
| ११. | प्रस्तावकको योग्यता परिक्षण प्रकृया तथा योग्यताका प्रमाणित गर्ने मार्गदर्शन | २६ |
| १२. | आर्थिक प्रस्तावको खण्ड | ३८ |
| १३. | आर्थिक प्रस्ताव पेश गर्ने पत्रको ढाँचा | ३९ |
| १४. | आर्थिक प्रस्ताव मूल्याङ्कनमा समावेश हुने विषयहरु र पेश गर्ने कागजात सम्बन्धी मार्गदर्शन | ४० |
| १५. | आशयपत्र जारी भए पछिको प्रकृया | ४१ |
| १६. | संझौता बार्ताका बिषयहरु | ४३ |
| १७. | सम्बिन्धित निकायको अनुमति वा स्वीकृति लिने सम्बन्धी प्रकृया | ४५ |
| १८. | संझौताको मस्यौदामा समेटिने बिषयहरु | ४६ |
| १९. | पूर्व संभाब्यता अध्ययनको महत्वपूर्ण पक्ष समेटिएको संक्षीप्त प्रतिवेदन | ४७ |

सूचना नं. : १
(अभियान राष्ट्रिय दैनिकमा ०७७ कार्तिक ७ गते प्रकाशित)

# पोखरा महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

न्यूरोड, कास्की

## सार्वजनिक निजी साझेदारीमा योजनाहरु संचालन गर्नको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७७/०७/०७)

यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी (सा.नि.सा.) इकाईको मिति २०७७।७।६ गतेको बैठकले तपशिलका योजनाहरु सार्वजनिक निजी साझेदारीको अवधारणा वमोजिम संचालन गर्ने निर्णय गरेकोले योग्यता पुगेका प्रस्तावदाता तथा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने सम्बन्धी सामान्य प्रकृया तथा शर्तहरु यस प्रकार रहेका छन् :

१) इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम (१) बमोजिम तोकिएको शर्तहरुको अधिनमा रही मनसायपत्र पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२) पोखरा महानगरपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनिक निजी साझेदारीको मूल्य मान्यता वमोजिम गर्नेछ । पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीति २०७५ अनुसार परियोजनाको डिजाइन, निर्माण तथा सञ्चालनको स्वीकृति प्रदान गरिनेछ ।

३) मनसाय पत्र आह्वान सम्बन्धी कागजात पोखरा महानगरपालिकाको कार्यालय, सानिसा ईकाइबाट मिति २०७७।८।११ गते कार्यालय समय भित्र रु ५०००।- (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

४) मनसाय पत्र पेश गर्ने अन्तिम मिति २०७७/०८/१२ गते दिनको १२:०० बजेसम्म रहनेछ । प्राप्त मनसायपत्रहरुको प्राविधिक प्रस्ताव सोही दिन १:०० बजे खोलिनेछ । प्रस्ताव खोल्ने क्रममा प्रस्तावदाताको प्रतिनिधि उपस्थित हुन सक्नेछन् तर निजहरुको अनुपस्थितिले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५) मनसायपत्र मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु मनसायपत्र आह्वान सम्बन्धी कागजातमा उल्लेख भएवमोजिम हुनेछ । मनसायपत्र आह्वान सम्बन्धी कागजातहरु यस कार्यालयको वेबसाईट www.pokharamun.gov.np बाट डाउनलोड गरी हेर्न वा यस महानगरपालिकाको सानिसा इकाईमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । प्रस्तावदाताको योग्यता तथा मनसाय पत्र मूल्याङ्कनका आधारहरु मनसाय पत्र सम्बन्धी कागजातमा उल्लेख भएवमोजिम हुनेछ ।

६) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेखित प्रावधानको आधारमा तैयार भएको मनसायपत्र आह्वान सम्बन्धी कागजातमा उल्लेख भए अनुसार तथा सानिसा सम्बन्धी नेपाल सरकारको प्रचलित कानुन वमोजिम हुनेछ ।

७) समयसीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखी पेश भएका मनसायपत्रहरु मान्य हुने छैनन् । महानगरपालिकाले पूर्व जानकारी वेगर कुनै पनि प्रस्तावको प्रकृया रद्ध गर्न सक्नेछ भने कुनै मनसाय पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रस्तावको म्याद सि.नं. १, २ र ३ को हकमा १२० दिन तथा सि.नं. ४ र ५ को हकमा ९० दिन हुनेछ । प्रस्ताव जमानत सम्बन्धी अन्य प्रकृया प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए वमोजिम हुनेछ ।

तपशिल

| **क्र. सं.** | **मनसाय पत्र नं.** | **आयोजनाको नाम** | **संझौताको लागि प्रस्तावित अवधि** | **प्रस्ताववापतको जमानत र म्याद** |
|---|---|---|---|---|
| १. | ०१/सानिसा/०७७-७८ | रामघाट क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामाग्री संकलन तथा निकासी गर्ने | ३५ बर्ष (म्याद थप नहुने) | १ करोड (१५० दिन) |
| २. | ०२/सानिसा/०७७-७८ | मोरे खहरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामाग्री संकलन तथा निकासी गर्ने | ३५ बर्ष (म्याद थप नहुने) | १ करोड (१५० दिन) |
| ३. | ०३/सानिसा/०७७-७८ | फेवातालको ४ वटा स्रोतनदीमा बनेका सिल्टेशन ट्रापमा बनेका ड्यामको ममर्त संभार तथा संकलन हुने सामाग्रीको संकलन तथा निकासी गर्ने | १० बर्ष (म्याद थप नहुने) | ५० लाख (१५० दिन) |
| ४. | ०४/सानिसा/०७७-७८ | सहिद पार्कमा कफि सप तथा शौचालय लगायतका संरचना निर्माण गरी आय संकलन गर्ने सम्बन्धी | ५ बर्ष (म्याद थप नहुने) | ५० हजार (९० दिन) |
| ५. | ०५/सानिसा/०७७-७८ | पोखरामा रहेका तालहरुमा रहेको जलकुम्भी झार संकलन गरी मल वा ग्यास सम्बन्धी प्लान्ट स्थापना गर्ने सम्बन्धी | ५ बर्ष (म्याद थप नहुने) | १ लाख (९० दिन) |

सानिसा फोकल पर्सन
पोखरा महानगरपालिका

सूचना नं. : २

(अभियान राष्ट्रिय दैनिकमा ०७७ कार्तिक १६ गते प्रकाशित)

# पोखरा महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

न्यूरोड, कास्की

## सानिसा सम्बन्धी सूचनामा संशोधन गरिएको बारे

यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी (सा.नि.सा.) इकाईको मिति २०७७।७।६ को बैठकको निर्णय वमोजिम विभिन्न आयोजनाहरु संचालनको लागि मिति २०७७/०७/०७ गते प्रकाशित सार्वजनिक सूचनामा उक्त आयोजनाहरुको प्रस्ताव पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ को दफा २० तथा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७५ नियम १६ वमोजिम प्रस्ताव आह्वान गरिएको हुनु पर्नेमा अन्यथा हुन गएकोले सम्बन्धित सवैको जानकारीको लागि नियमावलीको नियम १४ वमोजिम यो सूचना जारी गरिएको छ ।

सानिसा फोकल पर्सन

पोखरा महानगरपालिका

## प्रस्तावदातहरुलाई प्रस्ताव तैयार गर्ने सन्दर्भमा थप सूचना तथा प्रिविड बैठक सम्बन्धी जानकारी

१) यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी (सा.नि.सा.) इकाईको मिति २०७७।७६ को बैठकको निर्णय वमोजिम विभिन्न आयोजनाहरु संचालनको लागि मिति २०७७/०७/०७ गते प्रकाशित सार्वजनिक सूचनामा उक्त आयोजनाहरुको हकमा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम (१) बमोजिम तोकिएको शर्तहरुको अधिनमा रही 'मनसायपत्र आह्वान गरिएको' भन्ने शब्दहरु विभिन्न दफामा प्रयोग भएकोमा सो शब्दावलीको सट्टा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ को दफा २० तथा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७५ नियम १६ वमोजिम 'प्रस्ताव आह्वान गरिएको' भन्ने अर्थमा बुझ्नु पर्ने र सोही वमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

२) प्रिविड बैठक मिति २०७७ कार्तिक २६ गते, दिनको २:०० वजे, पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पोखरा, कास्कीमा हुनेछ । इच्छुक प्रस्तावदाताहरुले उक्त वैठकमा भाग लिन सक्नेछन् ।

# प्रस्तावको भाषा

प्रस्ताव सम्बन्धी प्रस्तुत कागजात, प्रस्तावदाताले पेश गर्ने प्रस्ताव, विभिन्न प्रतिवेदनहरु, प्रतिवद्धता पत्रहरु, बैंक जमानत, पदाधिकारी वा कर्मचारीको वायोडाटा, प्राविधिक तथा आर्थिक प्रस्तावका विभिन्न खण्डहरु लगायतका कागजात सम्पूर्ण वा आंशिक रुपमा नेपाली तथा अंग्रेजी भाषामा तैयार गर्न तथा पेश गर्न सकिनेछ ।

# आयोजना संग सम्बन्धित कानुनी व्यवस्था

**<u>क) मूख्य कानुनी प्रवन्ध</u>**

- पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४
- पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७५
- पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति
- सार्वजनिक निजी साझेदारीमा आयोजना संचालन गर्ने सम्बन्धी प्रस्ताव

**<u>ख) खण्ड 'क' मा प्रस्तावित कानुनबाट स्पष्ट नभएको अवस्थामा सन्दर्भ स्रोतको रुपमा प्रयोग गर्न सकिने कानुनी व्यवस्था</u>**

- संघीय सरकारको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन तथा नियमावली
- सार्वजनिक निजी साझेदारी सम्बन्धी राष्ट्रिय/अन्तराष्ट्रिय रुपमा स्थापित मूल्य मान्यताहरु
- संघीय सरकारको करार सम्बन्धी प्रचलित कानुन
- संघीय सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली

## महानगरपालिकाले वहन गर्ने दायित्व

प्रस्तुत आयोजनाको सन्दर्भमा महानगरपालिकाको तर्फबाट गरिने साझेदारीको खाका यस प्रकार रहेको छ :

क) आयोजना स्थल सम्म पुग्नको लागि पहूँच मार्ग निर्माण तथा एक पटकको लागि मर्मत गर्ने

ख) आयोजना स्थल सम्म आवश्यक क्षमताको विद्युत लाईन विस्तार गर्ने

ग) आयोजना कार्यान्वयनको क्रममा केही ब्यक्तिगत जग्गा प्राप्त गर्नु पर्ने अवस्थामा, वार्ताबाट जग्गा प्राप्त गर्न वा लिज गर्न प्रस्तावकले गरेको पहल सार्थक हुन नसकेमा जग्गा प्राप्तिको लागि सहजिकरण गरिदिने

घ) आयोजना निर्माण क्षेत्रमा सार्वजनिक, पर्ति, वन क्षेत्र जस्ता जग्गा प्रयोग गर्नु पर्ने वा डुवान हुने कारणले सम्बन्धित निकायको सहमति लिनु पर्ने अवस्थामा आवश्यक अनुमति वा लिज संझौता गर्न सहजिकरण गर्ने

ङ) वातावरण अध्ययन प्रतिवेदन स्वीकृत गर्न आवश्यक सहजिकरण गर्ने

च) आयोजना कार्यान्वयनको क्रममा आउन सक्ने स्थानीय तथा समुदायगत समस्याहरुको समाधानको पहल गर्ने ।

छ) खानेपानी तथा औद्योगिक प्रयोजनको लागि थप सफा पानीको आवश्यकता पर्ने अवस्थामा त्यसको ब्यवस्थाको लागि सहजिकरण वा भूमिगत पानीको प्रयोग गर्ने अनुमति दिने वा आवश्यक सहजिकरण गर्ने

ज) अन्य युटिलिटि सेवाको लागि सहजिकरण गर्ने

झ) आयोजना संझौताको समयमा महानगरपालिकाले सम्पादन गर्नु पर्ने भनी तय हुने अन्य विषयहरु

## प्रस्ताव जमानतको ढाँचा

# Bid Security

**Bank Guarantee**

***Bank's Name, and Address of Issuing Branch or Office***
***(On Letter head of the Commercial bank or any Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law)***

Beneficiary: .............................. **name and address of Employer** ………………………………

Date: ……………………………………………Bid Security No.: ..............................................

We have been informed that. …………. ***[insert name of the Bidder]*** (hereinafter called "the Bidder")intends to submit its bid (hereinafter called "the Bid") to you for the execution of …………...***name of Contract*** . …………… under Invitation for Bids No. ……………….

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee.

At the request of the Bidder, we…………………. . ***name of Bank*** ……………….. hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of . . ………..***amount in figures*** ………………………. ***(. …………..amount in words ……………….)*** upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) has withdrawn or modifies its Bid: from the period twenty-four hours prior to bid submission deadline up to the period of bid validity.

(b) does not accept the correction of errors.

(c) having been notified of the acceptance of its Bid by the Employer during the period of bid validity, (i) fails or refuses to execute the necessary proceedings.

(e) is involved in fraud and corruption.

This guarantee will remain in force up to and including the date ………***number***…………days after the deadline for submission of Bids as such deadline is stated in the instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this guarantee should reach the Bank not letter than the above date.

This Bank guarantee shall not be withdrawn or released merely upon return of the original guarantee by the Bidder unless notified by you for the release of the guarantee.

***. . .Bank's seal and authorized signature(s) . . .***

# <u>प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार</u>

## पृष्ठभूमी

पोखरा महानगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने गरी तैयारी गरेका आयोजनाहरु मध्ये तल उल्लिखित आयोजना संचालन गर्न चाहने प्रस्तावदाताको न्यूनतम् योग्यता निर्धारण सम्बन्धी आधार तथा सोही प्रस्तावदाताले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्ने आधार (Evaluation Criteria) यस प्रकार हुनेछ ।

**आयोजनाको विवरण** :

| क्र.सं. | प्रस्ताव पत्र नं. | आयोजनाको नाम | आयोजनाको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ०२/सानिसा/ ०७७-७८ | मोरे खहरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामाग्री संकलन तथा निकासी गर्ने | पोखरा महानगरपालिकाको वडा नं. ३३ र २७ को बीचको क्षेत्र, कास्की, पोखरा | |

**आयोजना संचालनको प्रकृया** : निर्माण, स्वामित्व ग्रहण, संचालन र हस्तान्तरण **(BOOT)**

**आयोजनाको क्रममा गरिने मूख्य कृयाकलाप** : सेती नदीको मोरे खरे क्षेत्रको कुनै निश्चित स्थानमा पूर्व संभाब्यता प्रतिवेदनमा उल्लेख गरिए झै स्थायी प्रकृतिको ड्याम (गेट सहितको) निर्माण गर्ने, ड्याम मार्फत वन्ने ताल वा पोखरीको पेरिफेरीमा नदी नियन्त्रणका संरचना निर्मण गरी, पोखरीको सतहबाट आधुनिक प्रविधिको प्रयोग गरी निर्माण सामाग्रीको संकलन गर्ने तथा सोही स्थानमा जडित प्लान्टमा सामाग्री प्रशोधन गरी बिक्री गर्ने तथा त्यस क्षेत्रको सौन्दर्यीकरण बृद्धि गर्दै, पोखरी क्षेत्रमा पर्यटकीय गतिविधि समेत संचालन गर्न सकिने ।

## प्रस्तावकको योग्यता

यस सूचना वमोजिमको आयोजनाहरुमा प्रस्ताव पेश गर्न प्रस्तावदाताहरुको योग्यता यस प्रकार निर्धारण गरिएको छ :

क) प्रस्तावक संस्था संग सम्बन्धित कागजातहरु

- संस्था दर्ता प्रमाण पत्र
- व्यवसाय दर्ता प्रमाण पत्र (आवश्यक पर्नेमा) एवं नविकरण आवश्यक पर्ने संस्थाको हकमा आर्थिक बर्ष २०७७।०७८ को लागि गरिएको नविकरण

- मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र
- आर्थिक बर्ष ०७६।०७७ को लागि कर चुक्ता प्रमाण पत्र वा म्याद थप भएको पत्र (नयाँ संस्थाको हकमा कर चुक्ता आवश्यक नपर्ने)
- प्रमाणीत शेयरधनी लगत
- संस्था कालो सूचीमा नपरेको भन्ने स्वघोषणा (कालो सूचीमा परेको प्रमाणीत भएमा उक्त संस्था स्वत: अयोग्य मानिनेछ)
- सूचनामा उल्लेख भए वमोजिमको प्रस्ताव जमानत
- प्रस्ताव खरिद गरेको सक्कल रसिद (प्रस्तावको विवरण महानगरपालिकाको वेवपेजबाट डाउनलोड गरेका प्रस्तावदाताले पनि कार्यालयबाट प्रस्ताव खरिदको रसिद लिनु पर्नेछ)
- संस्थाको प्रकृति अनुसार आयोजनामा प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको सर्वोच्च कार्यकारी निकायले निर्णय गरी जिम्मेवारी तोकेका कागजातहरु समेत पेश गर्नु पर्नेछ । सो निर्णय विना दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गरिने छैन ।
- ज्वइन्ट भेन्चर (JV) मा प्रस्ताव पेश गरेको अवस्थामा JV संझौता
- कम्पनीको कार्यकारी निकायले प्रस्ताव पेश गर्न गरेको निर्णय र जिम्मेवारी तोकेको कागजातहरु (Power of Attorney) समेत पेश गर्नु पर्नेछ । JV फर्मले प्रस्ताव पेश गरेको अवस्थामा सम्बन्धित संस्थाहरुका प्रमुख कार्यकारीहरुले हस्ताक्षर गरी जारी गरेको Power of Attorney पत्र पेश गर्नु पर्नेछ ।

नोट : यो दफा संग सम्बन्धित कागजात प्राविधिक प्रस्ताव संगै पेश गर्नु पर्नेछ ।

ख) संस्थाको थप योग्यता र प्रकृया :

१) प्रस्तावदाता संस्था प्रचलित कानुन वमोजिम दर्ता भएको संस्था हुनु पर्ने छ ।

२) संस्थाको व्यवसायिक उद्देश्यहरुमा माइनिङ्गको कार्य गर्ने, नदी प्रणालीमा आधारित पूर्वाधार संरचना (जलविद्युत, सिंचाई, नदी नियन्त्रण आदि) निर्माण गर्ने, निर्माण व्यवसाय गर्ने, निर्माण सामाग्रीहरुको वाणिज्य तथा व्यापार गर्ने, वा प्रस्तावित आयोजनाको प्रकृति संग मिल्दोजुल्दो उद्देश्य भएको मध्ये कुनै १ उद्देश्य रहेको हुनु पर्नेछ ।

३) प्रस्ताव पेश गर्न ३ प्रकृतिका संस्था/कम्पनी योग्य मानिनेछन्

३.क) यस कागजात वमोजिमको योग्यता र अनुभव एउटै कम्पनीको पुग्ने अवस्थामा एकल रुपमा प्रस्ताव पेश गर्न ।

३.ख) प्रस्ताव पेश गर्ने प्रयोजनको लागि २ वटा संस्था/कम्पनीले ज्वइन्ट भेन्चर (JV) संझौता गरी उक्त JV को तर्फबाट प्रस्ताव पेश गर्न सक्नेछन् । JV संझौतामा हरेक पार्टनरको जिम्मेवारी र दायित्व

कम्तिमा पनि ३० प्रतिशत रहेको हुनु पर्नेछ भने संयुक्त रुपमा योग्यता पुर्‍याउनु पर्ने अवस्थामा सोही अनुपातमा योग्यता पुगेको हुनु पर्नेछ ।

३.ग) आफु संलग्न कम्पनी समूहका वढिमा ४ वटा कम्पनीको (बुँदा नं. ६ र ७ मा तोकेको शर्त वमोजिम) कारोवारले प्रस्तावमा माग भएको योग्यता र अनुभव पुग्ने व्यक्तिले एकल स्वामित्वमा नयाँ कम्पनी दर्ता गरी प्रकृयामा सहभागी हुन सक्नेछ । यसै गरी, १ भन्दा वढि व्यक्ति/संस्था/कम्पनी संलग्न भै नयाँ कम्पनी दर्ता गरी उक्त कम्पनीको नाममा प्रस्ताव पेश गर्न समेत सकिनेछ । दीर्घकालिन साझेदारी गर्नु पर्ने भएकोले, JV को सट्टा नयाँ कम्पनी मार्फत प्रस्ताव पेश गर्न उत्प्रेरित गरिएको छ (तर JV मार्फत प्रस्ताव पेश गर्दैमा मूल्याङ्कनमा अंक घटाइने छैन) । यस्तो कम्पनी सूचनाको मिति पछि दर्ता भएको पनि हुन सक्नेछ । यस दफा वमोजिम प्रस्ताव पेश गरेकोमा, यस्तो कम्पनीको कम्पनी दर्ताको अलावा व्यवसाय गर्ने इजाजत पत्र अनिवार्य गरिने छैन ।

४) JV गरी प्रस्ताव पेश भएको अवस्थामा प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन सम्पन्न भै आशय पत्र जारी भए पछि JV संझौतामा उल्लिखित हिस्सेदारीलाई शेयर संरचनामा रुपान्तरण गर्दै तथा सो समय सम्मको सम्पूर्ण प्रकृयाको जिम्मेवारी तथा उत्तरदायित्व लिने गरी नयाँ कम्पनी दर्ता गरी वा सो जेभिको नाममा VAT दर्ता प्रमाण पत्र पेश गर्ने लगायत उक्त जेभि लि.लाई कानुनी अस्थित्व दिनको लागि गर्नु पर्ने आवश्यक कार्य गर्नु पर्नेछ । JV को तर्फबाट सिर्जना भएको अधिकार र दायित्व लिने गरी नयाँ कम्पनी दर्ता गरेको अवस्थामा उक्त कम्पनीको नाममा बाँकी प्रकृया अगाडि वढाउन सकिने छ ।

५) बुँदा नं. ३ मा उल्लेख भए वमोजिम, एक भन्दा वढि शेयर सदस्य भै नयाँ कम्पनी स्थापना गरी प्रस्ताव पेश गरेको अवस्थामा योग्यता मूल्याङ्कनको लागि उक्त प्रस्तावक कम्पनीको प्रमोटरहरु मध्ये, सो कम्पनीमा कम्तिमा २५ प्रतिशत शेयर स्वामित्व रहेका, कुनै दुई प्रमोटर शेयरधनी सदस्य (व्यक्ति वा संस्था) को मात्र योग्यता र अनुभवको गणना गरिनेछ । योग्यता मूल्याङ्कन प्रयोजनको लागि प्रस्ताव गरिएका २ प्रमोटर शेयर सदस्यहरुको नामावली प्रस्तावमा स्पष्ट रुपमा खुलाउनु पर्ने तथा प्रमाणीत शेयरधनी लगत पेश गर्नु पर्नेछ । यस्ता शेयर सदस्यहरु एकजना व्यक्ति र एकजना संस्था पनि रहन सक्नेछन् ।

६) प्रमोटर शेयरधनी भै प्रस्ताव पेश गरेको, बुँदा नं. ३ र ५ मा उल्लिखित प्राकृतिक ‘व्यक्ति’को योग्यता तथा अनुभव गणना गर्नु पर्दा, सम्बन्धित व्यक्ति वा निजको एकाघर परिवारको सदस्यको नाममा कम्तिमा २० प्रतिशत शेयर हिस्सेदारी रहेका वढिमा ३ वटा संस्था/कम्पनीको (मूल्याङ्कनमा संलग्न गर्न सकिने संस्था/कम्पनी संख्या वढिमा ४ भएकोले, अर्को सदस्यको नाममा पनि कम्तिमा एउटा संस्था/कम्पनी रहने हुँदा) योग्यता तथा अनुभव मूल्याङ्कन प्रयोजनको लागि गणना गरिने छ । एकल स्वामित्वको कम्पनीको हकमा भने यसै दफा वमोजिम वढिमा ४ वटा संस्था/कम्पनीको योग्यता गणना गर्न सकिनेछ । संस्थागत शेयरधनी सदस्यको हकमा उक्त संस्था/कम्पनीको मात्रै योग्यता र अनुभाव गणना हुन सक्नेछ ।

७) बुँदा नं. ६ को प्रयोजनको लागि एकाघर परिवारको सदस्य भन्नाले संघीय सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को परिभाषा खण्डमा उल्लेख भएको सदस्य हुनु पर्नेछ, भने एकाघर परिवार भएको स्थापित गर्न नाता प्रमाणीत प्रमाण पत्र, एवं एकासंगोलमा वसेको सिफारिश आवश्यक पर्न सक्नेछ । यस प्रस्तावमा अन्यथा लेखिएकोमा वाहेक, शेयरस्वामित्व स्थापित गर्नु पर्ने प्रसंगमा प्रस्ताव आह्वानको सूचना जारी भएपछि परिवर्तन गरिएको शेयर संरचनालाई मान्यता दिईने छैन र सो कुरा स्थापित गर्न संस्था/कम्पनीको प्रमाणीत शेयरधनी लगत पेश गर्नु पर्नेछ ।

८) दफा ३, ४, ५, ६ र ७ मा उल्लेख भए वमोजिम प्रस्तावदाताले योग्यता प्रयोजनको लागि पेश गरेका सम्पूर्ण संस्थाहरुको यसै कागजातमा योग्यता तथा अनुभव सम्बन्धी टेवलमा उल्लेख गरेका विषयहरु स्थापित गर्न आवश्यक पर्ने सम्पूर्ण कागजातको प्रमाणीत प्रतिलिपी पेश गरेको हुनु पर्नेछ । प्रस्तावको समयमा पेश नभएका कागजात, पछि पेश हुन आएमा मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन ।

९) प्रस्ताव साथ पेश गरेका प्रतिलिपी कागजातहरु कानुन वमोजिम नोटराइज गरिएको (प्रतिलिपी प्रमाणीत गरिएको) हुनु पर्नेछ । प्रतिलिपी प्रमाणीत नभएका कागजात मूल्याङ्कन प्रयोजनको लागि स्वीकार गर्न महानगरपालिका बाध्य हुने छैन ।

१०) पेश गरेका कागजातहरुमा सिरियल नम्वर सहितको पंजिका वनाई दर्ता गर्नु पर्नेछ ।

**<u>प्रस्ताव पेश गर्दा ध्यान दिनु पर्ने अन्य महत्वपूर्ण पक्षहरु</u>**

१. आयोजनाको अनुमानित लागत : पूर्व संभाव्यता अध्ययन प्रतिवेदनले आयोजना कार्यान्वयन गर्न लाग्ने अनुमानित लागत यस प्रकार एकीन गरेको छ :

| **सि.नं.** | **लागतको प्रकार** | **लागत अंक** | **कैफियत** |
|---|---|---|---|
| १. | आयोजना हस्तान्तरण हुँदा महानगरपालिकालाई नै हस्तान्तरण हुने संरचनाहरु निर्माणमा पर्ने लागत तथा आयोजना तैयारीको क्रममा हुने लगानी ( निर्माण अवधिको ब्याज समेत) | ५९.५ करोड | प्रस्तावदाताको आर्थिक क्षमता लगायत प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा यसै दफा वमोजिमको कुल आयोजना लागत अंकलाई आधार मानिनेछ । |
| २. | आयोजना हस्तान्तरण हुँदा महानगरपालिकालाई हस्तान्तरण गर्नु नपर्ने अन्य मेशिनरी उपकरणको लागत | ५.५ करोड | |
| **कुल आयोजना लागत** | | **६५ करोड** | |

नोट : कुल आयोजना लागत रकमलाई पूर्व संभाब्यता अध्ययन प्रतिवेदनको आधारमा राउण्ड फिगरमा राखिएको छ ।

२. नगरपालिकालाई दिन प्रस्ताव गरेको बार्षिक रोयल्टि : महानगरपालिकाले गत आर्थिक बर्षहरुमा उक्त आयोजना क्षेत्रबाट प्राप्त गरेको रकम निम्नानुसार रहेको छ :

मोरे खरे भन्ने स्थानमा नदीजन्य सामाग्री उत्खननको लागि कुनै घाट नरहेको, तर उक्त क्षेत्रमा बन्ने बाँधले चमेरे घाट तथा मराङ घाट क्षेत्र डुवानमा पर्ने, स्वीकृत IEE प्रतिवेदनका अनुसार उक्त दुई क्षेत्रबाट आर्थिक बर्ष ०७६।०७७ मा : निकासी योग्य परिमाण १६,४०० घन मिटर कायम भै ठेक्का (पट्टा) अंक : १,१६,४४,०००।०० (कर बाहेक) मा पट्टा बन्दोवस्त भएको देखिएको ,

मूल्याङ्कन गर्दा लिइने आधार : प्रस्ताव मूल्याङ्कन गर्दा तथ्याङ्क उपलब्ध भएको अन्तिम आर्थिक बर्ष ०७६।०७७ को पट्टा लागेको रकमलाई आधार मान्दा रु २,००,००,०००।०० (दुई करोड) लाई न्यूनतम् रकम मानी प्रस्तावदाताले कवोल गरेको रकमको आधारमा अंक कायम गरिनेछ ।

३. आयोजना हस्तान्तरण गर्नु पर्ने अवधि : सानिसा इकाइबाट जारी सूचनामा प्रस्तुत आयोजना ३५ बर्षको लागि भनी उल्लेख भएको छ । प्रस्तुत कागजात पूर्वसंभाब्यता प्रतिवेदनमा औल्याएको लागत रकममा आधारित भएकोले सो लागत रकमको सन्दर्भमा उक्त अवधि अपरिवर्तनीय मानिनेछ । तर, विस्तृत परियोजना प्रतिवेदन (DPR) तैयार गर्ने क्रममा, पूर्व संभाब्यता अध्ययन प्रतिवेदनमा उल्लेखखित लागत रकम भन्दा सारभूत रुपमा धेरै लागत (१५ प्रतिशत भन्दा वढि) लाग्ने देखिएमा, संझौता पूर्वको वार्ताको क्रममा, आयोजनाको अवधिको सम्बन्धमा पनि वार्ता गर्न सकिनेछ । तर उक्त अवस्थामा समेत, माथि बुँदा नं. २ मा उल्लिखित महानगरपालिकालाई दिन कवोल गरेको रोयल्टि रकमको विषयमा वार्ता गरी हेरफेर गर्न सकिने छैन । तर विस्तृत परियोजना प्रतिवेदन तथा यस क्रममा तैयार हुने वातावरणीय अध्ययन प्रतिवेदनले आयोजनाको कार्यक्षेत्र आदि घटाउन सुझाव दिई यसबाट आयोजनाको लगानी समेत सारभूत रुपमा घट्न (२० प्रतिशत भन्दा वढि) गएमा भने आयोजना संचालनको अवधि तथा महानगरपालिकालाई दिन प्रस्ताव गरेको बार्षिक रोयल्टीको विषयमा समेत बार्ता गर्न सकिनेछ ।

**प्रस्तावको परिक्षण तथा मूल्याङ्कन चरण एवं प्रकृया**

क) प्रस्तावको प्रारम्भिक तथा पूर्णताको परिक्षण सम्बन्धी प्रकृया :

१) माथि खण्ड ‘क’ र ‘ख’ मा उल्लेख भए वमोजिम सम्पूर्ण काजाजात पेश भए नभएको पूर्णताको परिक्षण मूल्याङ्कन समितिले गर्नेछ ।

२) पूर्णताको पपिक्षणमा सफल भएका प्रस्तावहरु मात्रै थप मूल्याङ्कन प्रकृयामा जाने छन् ।

३) यस चरणमा असफल भएका प्रस्तावदाताहरुले आफ्नो आर्थिक प्रस्ताव माग गरी फिर्ता लिन सक्नेछन् ।

४) यो चरण पार गरी मूल्याङ्कनको चरणमा पुगेका तथा नपुगेका प्रस्तावदाताहरुलाई कार्यालयको सूचनापाटि तथा वेवसाइटमा सार्वजनिक सूचना मार्फत वा पत्राचार मार्फत सो को जानकारी दिइनेछ ।

ख) आयोजनामा प्रस्ताव पेश गर्न प्रस्तावदाताको योग्यता सम्बन्धी विषयहरु

प्रस्तावित आयोजनामा प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति/संस्था/कम्पनीहरुले एकल रुपमा, तथा संयुक्त रुपमा पुरा गर्नु पर्ने योग्यता यस प्रकार निर्धारण गरिएको छ :

१) व्यवसायिक अनुभव, सार्वजनिक निजी साझेदारी सम्बन्धी अनुभव तथा परोपकारी कार्यमा संलग्न भएको अनुभव सम्बन्धी खाका :

| सि. नं. | अनुभवको क्षेत्र | अनुभव स्थापित गर्ने आधार | कैफियत |
|---|---|---|---|
| १. | उद्योग तथा व्यवसायको क्षेत्रमा १५ बर्षको अनुभव भएको | एकल कम्पनीबाट प्रस्ताव पेश भएकोमा सोही कम्पनीको अनुभव, JV मा प्रस्ताव पेश भएकोमा एउटा सदस्य कम्पनीको अनुभव, नयाँ दर्ता भएको कम्पनीको तर्फबाट प्रस्ताव पेश भएकोमा कम्तिमा २५ प्रतिशत शेयर भएको प्रमोटर शेयरधनी मध्ये १ जना उक्त क्षेत्रमा संलग्न भएको प्रमाण पेश गर्नु पर्ने । | |
| २. | कम्तिमा २ वटा आयोजनामा नेपाल सरकार, सार्वजनिक संस्थान, वोर्ड/प्राधिकरण/विकास कोष/विकास समिति, प्रदेश वा स्थानीय सरकार संग सानिसाको संझौता गरी कार्यान्वयन गरेको (कम्तिमा मूल्याङ्कन सम्पन्न भै आशयपत्र पाएको) | एकल कम्पनीबाट प्रस्ताव पेश भएकोमा सोही कम्पनीको नामको अनुभव, JV मा प्रस्ताव पेश भएकोमा दुबै सदस्यको गरी सो अनुभव, नयाँ दर्ता भएको कम्पनीको तर्फबाट प्रस्ताव पेश भएकोमा कम्तिमा २५ प्रतिशत शेयर भएको प्रमोटर शेयरधनीहरुले आफ्नो प्रत्यक्ष संलग्नतामा सानिसा संझौता गरेको प्रमाण कागत । यस्तो संलग्नता भएको प्रत्यक योजनामा कम्तिमा रु १० करोड लगानी गरेको वा गर्ने प्रतिवद्धता संलग्न कागजबाट देखिनु पर्ने । | |
| ३. | विगत ५ आर्थिक बर्ष मध्ये ३ बर्षमा बार्षिक कम्तिमा रु २ करोड वरावरको परोपकारी कार्य गरेको | एकल कम्पनीबाट प्रस्ताव पेश भएकोमा सोही कम्पनीले सो वमोजिम प्रत्यक आर्थिक बर्षमा एक वा केही किस्तामा गरी परोपकारी कार्यमा खर्च गरेको प्रमाण, JV मा प्रस्ताव पेश भएकोमा दुई कम्पिनीको परोपकारी कार्यमा खर्च गरेको रकमको योगबाट उक्त तथ्य स्थापित हुनु पर्ने, नयाँ दर्ता भएको कम्पनीको तर्फबाट प्रस्ताव पेश भएकोमा कम्तिमा २५ प्रतिशत शेयर भएको प्रमोटर शेयरधनीहरु (एक्लै वा वढिमा २ जनाको | |

| | | | |
|---|---|---|---|
| | | योगबाट)ले सो वमोजिम परोपकारी कार्यमा खर्च गरेका प्रमाण पेश गर्नु पर्ने । | |

२) प्रस्तावदाताको वित्तीय तथा प्राविधिक क्षमता स्थापित हुने आधारहरु

| **योग्यताको क्षेत्र** | | **योग्यताको गणना** | | | **संलग्न हुनु पर्ने कागजात** |
|---|---|---|---|---|---|
| **आवश्यक योग्यता** | **एकल कम्पनी** | JV **को तर्फबाट प्रस्ताव पेश भएको वा यसै कागजात वमोजिम वढिमा चार कम्पनी/संस्थाको योग्यता गणना हुने अवस्थामा** | | | |
| | | **सवैको संयुक्त** | **हरेक संस्थाको** | **एउटा संस्थाको** | |
| **विगतको आर्थिक कारोवार (क)** | | | | | |
| विगत ५ आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन पेश गरेको हुनु पर्ने र कम्तिमा पनि हरेक आर्थिक बर्षमा प्रस्तावदाताको नेटवर्थ धनात्मक भएको | हुनु पर्ने | लागु नहुने | लागु नहुने | हुनु पर्ने | |
| **विगतको आर्थिक कारोवार (ख)** | | | | | |
| विगत ३ आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनमा हरेक आर्थिक बर्षमा प्रस्तावदाताको नेटवर्थ धनात्मक भएको | लागु नहुने | लागु नहुने | हुनु पर्ने | लागु नहुने | |
| **प्रस्तावदाताको वित्तीय क्षमता : क) बार्षिक आर्थिक कारोवार** | | | | | |
| विगत ५ बर्षमध्ये ३ बर्षमा औषत बार्षिक कारोवार रु २ अर्व वा सो भन्दा धेरै भएको | हुनु पर्ने | लागु नहुने | लागु नहुने | हुनु पर्ने | |
| **प्रस्तावकको वित्तीय क्षमता : ख) धनात्मक नेटवर्थ** | | | | | |
| प्रस्तावित आयोजना लागतको कम्तिमा ४० प्रतिशत वरावरको रकम | हुनु पर्ने | लागु नहुने | लागु नहुने | हुनु पर्ने | कम्पनीको वित्तीय क्षमता स्वपूँजी र Free Reserve बाट लेखाजोखा गर्न सकिने |

| | | | | | |
|---|---|---|---|---|---|
| पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनमा नेटवर्थ धनात्मक भएको | | | | | छ । |
| **अनुभव** | | | | | |
| क) प्रस्तावदाता व्यक्तिको २० प्रतिशत शेयर स्वामित्व रहेको कम्पनीबाट कम्तिमा कुल १५ मेघावाट क्षमताको हाइड्रो पावर प्रवर्धकको रुपमा निर्माण गरेको (कम्तिमा पनि इजाजत लिई, पिपिए गरी, निर्माण क्षेत्रमा परिचालित भएको) वा सिंचाई, जलविद्युत वा खानेपानी आयोजनाको Headworks: को मूख्य गरी बाँध (गेट समेत भएको) मात्रको लागत कम्तिमा २० करोड भएको आयोजनामा Prime Concractor को रुपमा कार्य सम्पन्न गरेको | हुनु पर्ने | लागु नहुने | लागु नहुने | हुनु पर्ने | वढिमा २ आयोजना जोडेर १५ मे.वा. पुग्नु पर्ने । |
| ख) कुनै प्रकारको माइनिङ (नदी जन्य वा निर्माणमुखी खनिज पदार्थ) सम्बन्धी काममा कम्तिमा ३ बर्षको अनुभव प्राप्त हुनु पर्ने | हुनु पर्ने | लागु नहुने | लागु नहुने | हुनु पर्ने | अनुमति पत्र वा स्वीकृति पत्र संलग्न हुनु पर्ने |

नोट :

१) कर प्रयोजनको लागि म्याद थप पाएका कम्पनीहरुको अघिल्लो आर्थिक बर्षहरुको विवरण पेश गरेको हुनु पर्नेछ ।

२) माथिको योग्यता वमोजिम मूल्याङ्कन गर्ने क्रममा कुनै प्राविधिक कठीनाई आएमा सार्वजनिक निजी साझेदारी समितिको निर्णय गरी समस्याको निराकरण गरिने छ ।

ग) प्रस्तुत खण्डको मूल्याङ्कनको प्रकृया

माथि खण्ड (१) र खण्ड (२) मा उल्लेख भएको अनुभव, योग्यता तथा वित्तीय एवं प्राविधिक क्षमता जस्ता विषयको परिक्षणलाई 'प्राविधिक प्रस्तावको मूल्याङ्कनको खण्ड (क)' मानिनेछ, र यसको मूल्याङ्कन यस प्रकार गरिनेछ :

१) खण्ड (१) ब्यवसायिक अनुभव, सार्वजनिक निजी साझेदारी सम्बन्धी अनुभव तथा परोपकारी कार्यमा संलग्न भएको अनुभव सम्बन्धी खाकामा तोकिए वमोजिम अनुभव स्थापित गर्न नसक्ने प्रस्तावहरु अयोग्य मानिनेछन् र खण्ड (२) वमोजिमको मूल्याङ्कन प्रकृयामा जाने छैनन् ।

२) प्रस्तावदाताले खण्ड (२) को प्रस्तावदाताको वित्तीय तथा प्राविधिक क्षमता स्थापित हुने आधारहरु भन्ने खण्डमा उल्लिेखित वित्तीय तथा प्राविधिक क्षमता एवं योग्यता र अनुभव स्थापित गर्नु पर्ने छ । सो वमोजिम योग्यता र अनुभव पुगेको प्रस्तावहरु थप मूल्याङ्कनमा जानेछन् भने नपुगेका प्रस्तावहरु असफल मानिनेछन् ।

३) उक्त दुवै खण्डको परिक्षण पछि एकमुष्ट सूचना प्रकाशन गरि सफल तथा असफल प्रस्तावदाताको नामावली सार्वजनिक गरिनेछ । उक्त पत्रपत्रिका, सूचना पाटि वा वेवसाईटमा सूचना प्रकाशन गरी सार्वजनिक गरिनेछ । यस चरणमा असफल प्रस्तावदाताले आफ्नो आर्थिक प्रस्ताव फिर्ता लान सक्नेछन् ।

घ) प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कनका आधारहरु

माथि खण्ड (क) वमोजिम पूर्णताको परिक्षण तथा खण्ड (ख) को अनुभव, तथा प्रविधिक एवं वित्तीय क्षमता सम्बन्धी योग्यता मूल्याङ्कन खण्डमा सफल भै, महानगरपालिकाबाट प्रस्तावित योजना कार्यान्वयन गर्न सक्ने प्राविधिक तथा आर्थिक हैसियत स्थापित गरी, यस चरणमा आई पुगेका प्रस्तावदाताहरुले पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्ताव निम्नानुसार मूल्याङ्कन गरिनेछ, र प्रस्तुत आयोजनाको लागि साझेदारको छनौट गरिनेछ ।

१) क्षेत्रगत अंक विभाजन

| **सि.नं.** | **मूल्याङ्कनको क्षेत्र** | **अंकभार** |
|---|---|---|

| | | |
|---|---|---|
| १. | प्राविधिक प्रस्ताव | ७० अंक |
| २. | आर्थिक प्रस्ताव | ३० अंक |

नोट :

क) योग्यतम् प्रस्तावदाताको रुपमा छनौट हुन प्रस्तावदाताहरु उक्त दुवै क्षेत्रमा तोकिएको अंकको न्यूनतम् ६० प्रतिशत अंक प्राप्त गरी (प्राविधिक प्रस्तावमा न्यूनतम् ४२ अंक तथा आर्थिक प्रस्तावमा १८ अंक) उतीर्ण हुनु पर्नेछ । कुनै एउटा क्षेत्रमा अनुतीर्ण प्रस्तावदाता प्रस्ताव छनौटको लागि योग्य मानिने छैन ।

ख) एउटा मात्रै प्रस्ताव दर्ता हुन आएको अवस्थामा पनि उक्त प्रस्तावको प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कन यही प्रकृया वमोजिम हुनेछ तथा त्यस्तो एक्लो प्रस्तावदाता प्राविधिक तथा आर्थिक मध्ये कुनै पनि एक क्षेत्रमा उतीर्ण हुन नसकेमा निज प्रस्तावदाताको प्रस्ताव थप अगाडि बढ्ने छैन ।

२) उपक्षेत्रगत विभाजन तथा अंक बाडफाट

माथि खण्ड 'क' मा उल्लेख भएका क्षेत्रहरुमा समेटिएका उपक्षेत्रहरु तथा त्यसको विस्तृत अंकाभार निम्नानुसार रहनेछ ।

| **सि.नं.** | **मूल्याङ्कनका क्षेत्रहरु** | **अंकभार** |
|---|---|---|
| | **कुल अंक** | **१००** |
| **१.** | **प्राविधिक प्रस्तावको क्षेत्रहरु** | **७०** |
| १.१ | प्रस्तावकको आर्थिक हैसियत | १० |
| १.२ | प्रस्तावकको प्राविधिक क्षमता र अनुभव | १२ |
| १.३ | नविनतम् तथा उन्नत प्रविधिको प्रयोग | १० |
| १.४ | आयोजनाको अनुमानित कुल लागत | ८ |
| १.५ | आयोजनाको आधारभूत इन्जिनियरिङ्ग डिजाइन | ४ |
| १.६ | आयोजना क्षेत्रको वातावरणीय सुधार तथा क्षति न्यूनीकरण योजना | ४ |
| १.७ | आयोजनाको सामाजिक प्रभाव न्यूनीकरण योजना | ४ |
| १.८ | आयोजनामा प्रस्तावित संगठनात्मक व्यवस्था र जनशक्तिको कार्यदक्षता | ४ |
| १.९ | आयोजना कार्यान्वयनको कार्ययोजना | ४ |
| १.१० | आयोजना कार्यान्वयनको व्यवसायिक योजना | ३ |
| १.११ | आयोजना कार्यान्वयनको दिगोपना | ३ |
| १.१३ | सार्वजनिक निजी साझेदारीमा आयोजना संचालनको अनुभव | २ |
| १.१४ | सुन्दरता अभिवृद्धि तथा पर्यटन प्रवर्धनमा गर्न सक्ने योगदान | २ |
| **२.** | **आर्थिक प्रस्तावका क्षेत्रहरु** | **३०** |
| २.१ | महानगरपालिकालाई प्रस्ताव गरेको बार्षिक रोयल्टि | ८ |
| २.२ | आयोजना कार्यान्वयन गर्ने सम्बन्धी वित्तीय स्रोत व्यवस्था र सो | ८ |

| | | |
|---|---|---|
| | सम्बन्धी योजना | |
| २.३ | महानगरपालिकालाई ५ बर्ष पछाडि कुल कारोवारमा दिन प्रस्ताव गरेको रोयल्टि रकम | ८ |
| २.४ | सियसआर अन्तर्गत प्रस्तावित रकम | २ |
| २.५ | उत्पादित सेवा विक्रीको लागि प्रस्तावित सेवा शुल्कको दर | २ |
| २.६ | महानगरपालिकालाई आयोजना फिर्ता बुझाउने कार्ययोजना | २ |

नोट : उक्त वमोजिमका शिर्षकहरुलाई सानिसा समितिले थप उपशिर्षकमा विभाजन गर्न र उक्त उपशिर्षकहरुको लागि अंक वाडफाट गर्न सक्नेछ। प्रस्ताव मूल्याङ्कन प्रयोजनको लागि सूचकहरु तर्जुमा गरी सानिसा इकाइले मूल्याङ्कन समितिलाई उपलब्ध गराउन सक्नेछ भने थप मूल्याङ्कनका आधार तथा सूचकहरु मूल्याङ्कन समितिले स्वयं तय गरी प्रस्ताव मूल्याङ्कन सम्पन्न गर्न सकिनेछ।

**प्रस्तावदाताको अन्तिम छनौट**

यस प्रस्तावको प्रतिस्पर्धि प्रकृयामा छनौट भएका प्रस्तावदाताको माथिको टेवलमा प्रस्ताव गरिएको अंकको आधारमा प्राविधिक (प्राविधिक प्रस्ताव मूल्याङ्कन खण्ड ‘ख’ मानिएको) र आर्थिक पक्षको मूल्याङ्कन गरी स्वीकार्य प्रस्तावदाताको छनौट यस प्रकार गरिने छ :

१) प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्ताव दुवैमा उतीर्ण प्रस्तावदाताहरुको मात्र प्राप्ताङ्क गणना गरिने छ। प्राविधिक प्रस्तावमा असफल प्रस्तावदाताले आफ्नो आर्थिक प्रस्ताव फिर्ता माग गर्न सक्नेछन्, र यस्ता प्रस्ताव फिर्ता माग गरेमा कार्यालयले फिर्ता गर्नु पर्नेछ।

२) दुवै प्रस्तावमा प्राप्त अंक जोडि कुल प्राप्ताङ्क एकीन गरी, उच्च अंक देखी क्रमशः अंक प्राप्त गर्ने प्रस्तावदाताको सूची तैयार गरिनेछ।

३) सर्वोच्च अंक प्राप्त गर्ने प्रस्तावदाता छनौटको लागि योग्य मानिनेछ र कानुन वमोजिम थप प्रकृया अगाडि वढाइनेछ।

४) दोस्रो उच्च अंक प्राप्त गर्ने प्रस्तावदाता बैकल्पिक प्रस्तावकको रुपमा सिफारिश गरिनेछ।

५) एउटामात्रै प्रस्ताव पेश भएको र उक्त प्रस्ताव योग्यता परिक्षण पार गरी, मूल्याङ्कन प्रकृयामा संलग्न भै, प्राविधिक तथा आर्थिक दुवै क्षेत्रमा उतीर्ण भएको अवस्थामा सो प्रस्तावदाता संग संझौता तर्फ थप प्रकृया अगाडि वढाउन बाधा पर्नेछैन।

६) छनौट भएको प्रस्तावकको नाममा आशयपत्र सार्वजनिक सूचना मार्फत जारी गरिनेछ।

७) आशयपत्रको म्याद भित्र प्रस्तावदातालाई प्रस्ताव जमानतको म्याद ९० दिन थप गर्न आग्रह गरिनेछ। तोकिएको मितिमा आयोजना कार्यान्वयनको प्रतिवद्धता पत्र तथा प्रस्ताव जमानतको म्याद थपको पत्र सहित कार्यालयमा उपस्थित नहुने प्रस्तावदाताले संझौता गर्न अनिच्छा देखाएको मानी निजको प्रस्ताव जमानत जफत गरी बैकल्पिक प्रस्तावदाता संग सोही वमोजिम प्रकृया अगाडि वढाइनेछ।

८) म्याद थपिएको प्रस्ताव जमानतलाई कार्यसम्पादन तर्फको अन्तरिम जमानत मानिनेछ । म्याद थप भएपछिको अवधिमा, स्वीकृत प्रस्तावदाताले विभिन्न प्राविधिक कारणहरु देखाई संझौता गर्न अनिच्छा देखाएमा, सुनुवाईको मौका दिई, प्रस्ताव जमानत (कार्यसम्पादन तर्फको अन्तरिम जमानत) जफत गरी प्रकृयाको अन्त्य गरिनेछ । यस चरणमा प्रकृया अन्त्य हुँदा बैकल्पिक प्रस्तावदाताको प्रस्ताव अगाडि बढाइने छैन ।

९) आशयपत्र जारी भएपछि आफ्नै कारणले संझौता नगर्ने प्रस्तावदाता पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी योजनाहरुमा प्रस्ताव पेश गर्न आगामी ५ बर्ष सम्मको लागि कालो सूचीमा पर्नेछन् । प्रस्तावदातालाई यो कारवाही गर्नु अघि सुनुवाईको मौका दिइनेछ ।

१०) यस दस्तावेजमा उल्लेख नभएका विषयहरु, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएवमोजिम हुनेछ, । उक्त कागजातमा समेत स्पष्ट नभएका विषयहरुमा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली, तथा नीति वमोजिम, तथा संघीय सरकारको सानिसा सम्बन्धी ऐन तथा नियमावली, एवं करार ऐन वमोजिम हुनेछ ।

११) प्रस्ताव मूल्याङ्कन, छनौट, वार्ता तथा संझौताको क्रममा केही द्वविधा भएमा, सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा तोकिएका नर्म्स तथा SBD मा स्वीकार गरिएका मार्गदर्शनलाई आधार मान्न सकिनेछ । यस्तो विशेष निर्णय सानिसा समितिले गर्नेछ ।

# प्राविधिक प्रस्ताव

नोट : प्राविधिक प्रस्तावमा यस खण्डमा उल्लिखित विषयहरु, तथा यस कागजातको प्रस्ताव मुल्याङ्कन सम्बन्धी खाका शिषकमा तथा यस कागजातको अन्य खण्डमा उल्लिखित विषयहरु समावेश गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

## प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रको ढाँचा

To: Chief Administrative Officer

Pokhare Metropolitan City Office, Kaski Pokhara

Dear Sir:

We, the undersigned, offer to submit the Proposal for [Insert title of assignment] in accordance with your Request for Proposals dated [Insert Date] and our Proposal. [Select appropriate wording depending on the type of project stated in the RFP: “We are hereby submitting our Proposal, which includes this Technical Proposal and a Financial Proposal sealed in a separate envelope”.

{If the party if newly registered one, insert the following} We are submitting our Proposal on the basis of your RFP and following firms/companies are prescribed for evaluation process (for qualifaciton and experience creteria).We have attached a copy signed by the executive chief of every participating member, which details the likely legal structure of and the confirmation of joint and severable liability of the members establishing new firm for bidding propose.

{If the party if JV, insert the following} We, JV partners have duly signed the agreement and extend out commitment to fulfill legal requirements, if our firm is selected. We are submitting our Proposal on the basis of your RFP and following firms/companies (JV Partners) have adequate financial and technical capacity to have the said partnership framework. We have attached a copy signed by the executive chief of every participating member, which details the likely legal structure of and the confirmation of joint and severable liability of the members establishing new (JV) firm for bidding propose.

[Insert a list with full name and the legal address of all the firms/companies (of JV partners also)]

We hereby declare that:

(a) All the information and statements made in this Proposal are true and we accept that any misinterpretation or misrepresentation contained in this Proposal may lead to our disqualification by the Client and/or may be blacklisted by the PMC.

(b) Our Proposal shall be valid and remain binding upon us for the period of time specified in the bidding document provided to us.

(c) We have no conflict of interest in accordance with the stated scope of work or management team of PMC and we have not been punished for an offense relating to the concerned profession or business.

(d) We meet the eligibility requirements as stated in the bid document.

(e) Neither we, nor our associate firms/ partners/ officials from bidding firms prepared the TOR for this PPP framework.

(f) We understand the conditions for contract negotiation and role and responsibility of PMC.

(g) Our Proposal is binding upon us and all the firms that are proposed for qualification criteria.

We undertake, if our Proposal is accepted and the Contract is signed, to initiate the work related to the partnership agreement no later than the date indicated in the bidding document.

We understand that the PMC is not bound to accept any Proposal that they receives.

We remain,

Yours sincerely,

Authorized Signature {In full and initials}: ______________________________

Name and Title of Signatory: ________________________________________

Name of the firm:

In the capacity of: ___________________________________________________

प्रस्तावकको योग्यता परिक्षण प्रकृया तथा योग्यताका प्रमाणित गर्ने मार्गदर्शन

**१. सामान्य योग्यता सम्बन्धी**

**१.१ योग्यताको शिर्षक : प्रस्तावदाता संस्था/कम्पनी तथा मूल्याङ्कनमा समावेश गरिने संस्था/कम्पनीहरुको सामान्य योग्यता खुल्ने कागजातहरु :**

**१.२ पेश गर्नु पर्ने कागजातहरु :**

- संस्था दर्ता प्रमाण पत्र
- व्यवसाय दर्ता प्रमाण पत्र (आवश्यक पर्नेमा) एवं नविकरण आवश्यक पर्ने संस्थाको हकमा आर्थिक बर्ष २०७७।०७८ को लागि गरिएको नविकरण
- मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र
- आर्थिक बर्ष ०७६।०७७ को लागि कर चुक्ता प्रमाण पत्र वा म्याद थप भएको पत्र (नयाँ संस्थाको हकमा कर चुक्ता आवश्यक नपर्ने)
- प्रमाणीत शेयरधनी लगत
- संस्था कालो सूचीमा नपरेको भन्ने स्वघोषणा (कालो सूचीमा परेको प्रमाणीत भएमा उक्त संस्था स्वत: अयोग्य मानिनेछ)
- सूचनामा उल्लेख भए वमोजिमको प्रस्ताव जमानत
- प्रस्ताव खरिद गरेको सक्कल रसिद (प्रस्तावको विवरण महानगरपालिकाको वेवपेजबाट डाउनलोड गरेका प्रस्तावदाताले पनि कार्यालयबाट प्रस्ताव खरिदको रसिद लिनु पर्नेछ)
- संस्थाको प्रकृति अनुसार आयोजनामा प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको सर्वोच्च कार्यकारी निकायले निर्णय गरी जिम्मेवारी तोकेका कागजातहरु समेत पेश गर्नु पर्नेछ । सो निर्णय विना दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गरिने छैन ।

**१.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।
- माथि भनिएका कागजातहरु पेश गर्दा प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएका निर्देशन अनुसार तैयार गर्नु पर्ने ।

## २. शिर्षक : संस्थाको थप योग्यता र प्रकृया खण्डमा उल्लेखित कागजातहरु

### २.१ आवश्यक योग्यता स्थापित गर्ने कागजात

प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा बुँदा नं. (ख) संस्थाको थप योग्यता र प्रकृया खण्डमा उल्लेख गरिएका विषयबस्तुहरु स्थापित गर्नको लागि आवश्यक पर्ने कागजातहरु यस खण्डमा समावेश गर्नु पर्ने छ ।

### २.२ कागजात तैयारीको खाका

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।
- माथि भनिएका कागजातहरु पेश गर्दा प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएका निर्देशन अनुसार तैयार गर्नु पर्ने ।

**३. शिर्षक : व्यवसायिक अनुभव**

**३.१ आवश्यक योग्यता :** उद्योग तथा व्यवसायको क्षेत्रमा १५ बर्षको अनुभव भएको

**३.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा, योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न उक्त अवधिको अनुभव खुल्ने कागजातहरु पेश गर्नु पर्नेछ ।

**३.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**४. शिर्षक : सानिसाको अनुभव**

**४.१ आवश्यक योग्यता :** कम्तिमा २ वटा आयोजनामा नेपाल सरकार, सार्वजनिक संस्थान, वोर्ड/प्राधिकरण/ विकास कोष/विकास समिति, प्रदेश वा स्थानीय सरकार संग सानिसाको संझौता गरी कार्यान्वयन गरेको (कम्तिमा मूल्याङ्कन सम्पन्न भै आशयपत्र पाएको)

**४.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**४.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**५. शिर्षक : परोपकारी कार्यको अनुभव**

**५.१ आवश्यक योग्यता :** विगत ५ आर्थिक बर्ष मध्ये ३ बर्षमा बार्षिक कम्तिमा रु २ करोड वरावरको परोपकारी कार्य गरेको

**५.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**५.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**६. शिर्षक : विगतको आर्थिक कारोवार (क)**

**६.१ आवश्यक योग्यता :** विगत ५ आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन पेश गरेको हुनु पर्ने र कम्तिमा पनि हरेक आर्थिक बर्षमा प्रस्तावदाताको नेटवर्थ धनात्मक भएको

**६.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा, योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न लेखा परिक्षण प्रतिवेदन लगायतका आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**६.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

## ७. शिर्षक : विगतको आर्थिक कारोवार (ख)

**७.१ आवश्यक योग्यता :** विगत ३ आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनमा हरेक आर्थिक बर्षमा प्रस्तावदाताको नेटवर्थ धनात्मक भएको

**७.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा, योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न लेखा परिक्षण प्रतिवेदन लगायतका आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ । एकल कम्पनी प्रस्तावदाता भएको अवस्थामा यो विवरण पेश गर्नु पर्ने छैन ।

### ७.३ कागजात तैयारीको खाका

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**८. शिर्षक : प्रस्तावदाताको वित्तीय क्षमता : क) बार्षिक आर्थिक कारोवार**

**८.१ आवश्यक योग्यता :** विगत ५ बर्षमध्ये ३ बर्षमा औषत बार्षिक कारोवार रु २ अर्व वा सो भन्दा धेरै भएको

**८.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा, योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**८.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**९. शिर्षक : प्रस्तावकको वित्तीय क्षमता : ख) धनात्मक नेटवर्थ**

**९.१ आवश्यक योग्यता :** प्रस्तावित आयोजना लागतको कम्तिमा ४० प्रतिशत  वरावरको रकम पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनमा नेटवर्थ धनात्मक भएको (संस्था/कम्पनीको हकमा स्वपूँजी र Free Reserve बाट गणना गर्न सकिने)

**९.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**९.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**१०. शिर्षक : अनुभव (क)**

**१०.१ आवश्यक योग्यता :** प्रस्तावदाता व्यक्तिको २० प्रतिशत शेयर स्वामित्व रहेको कम्पनीबाट कम्तिमा कुल १५ मेघावाट क्षमताको हाइड्रो पावर प्रवर्धकको रुपमा निर्माण गरेको (कम्तिमा पनि इजाजत लिई, पिपिए गरी, निर्माण क्षेत्रमा परिचालित भएको) वा सिंचाई, जलविद्युत वा खानेपानी आयोजनाको Headworks: को मूख्य गरी बाँध (गेट समेत भएको) मात्रको लागत कम्तिमा २० करोड भएको आयोजनामा Prime Concractor को रुपमा कार्य सम्पन्न गरेको

**१०.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**१०.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

**११. शिर्षक : अनुभव (ख)**

**११.१ आवश्यक योग्यता :** कुनै प्रकारको माइनिङ (नदी जन्य वा निर्माणमुखी खनिज पदार्थ) सम्बन्धी काममा कम्तिमा ३ बर्षको अनुभव प्राप्त हुनु पर्ने

**११.२ योग्यता प्रमाणीत गर्ने आधार :** यस विषयमा योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा दिएको टेवल वमोजिमका शर्तहरु पुरा भएको व्यहोरा स्थापित गर्न आवश्यक सम्पूर्ण कागजात पेश गर्नु पर्नेछ ।

**११.३ कागजात तैयारीको खाका**

- माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्ने ।

## १२. **शिर्षक : प्राविधिक प्रस्ताव मूल्याङ्कनमा समावेश हुने अन्य विषयहरु**

**१२.१ आवश्यक योग्यता :** योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा प्राविधिक प्रस्तावको मूल्याङ्कनको लागि तोकिएको क्षेत्रहरु निम्नानुसार रहेका छन् :

| | **प्राविधिक प्रस्तावको क्षेत्रहरु** |
|---|---|
| १ | प्रस्तावकको आर्थिक हैसियत |
| २ | प्रस्तावकको प्राविधिक क्षमता र अनुभव |
| ३ | नविनतम् तथा उन्नत प्रविधिको प्रयोग |
| ४ | आयोजनाको अनुमानित कुल लागत |
| ५ | आयोजनाको आधारभूत इन्जिनियरिङ्ग डिजाइन |
| ६ | आयोजना क्षेत्रको वातावरणीय सुधार तथा क्षति न्यूनीकरण योजना |
| ७ | आयोजनाको सामाजिक प्रभाव न्यूनीकरण योजना |
| ८ | आयोजनामा प्रस्तावित संगठनात्मक व्यवस्था र जनशक्तिको कार्यदक्षता |
| ९ | आयोजना कार्यान्वयनको कार्ययोजना |
| १० | आयोजना कार्यान्वयनको व्यवसायिक योजना |
| ११ | आयोजना कार्यान्वयनको दिगोपना |
| १३ | सार्वजनिक निजी साझेदारीमा आयोजना संचालनको अनुभव |
| १४ | सुन्दरता अभिवृद्धि तथा पर्यटन प्रवर्धनमा गर्न सक्ने योगदान |

**१२.२ कागजात तैयारीको लागि सुझावहरु :** उक्त वमोजिमको उपक्षेत्रमा प्रस्ताव गरिएको अंक योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा उल्लेख गरिएको छ । उक्त अंकहरुको थप विभाजन तथा तुलनात्मक रुपमा प्रस्तावदाताहरुको प्रस्ताव अध्ययन गरी अंक वाडफाँटको मापदण्ड समेत तैयार गरी मूल्याङ्कन हुन सक्ने भएकोले, सो वमोजिमका क्षेत्रमा अंक प्राप्त गर्न गंभिरताका साथ कागजात तैयार गर्न सुझाव दिइएको छ ।

### १२.३ कागजात तैयारीको लागि थप निर्देशन

माथि भनिएका कागजातहरुका सक्कल आवश्यक पर्नेमा सक्कल तथा अन्यमा नोटरी पब्लिकद्धारा प्रतिलिपी प्रमाणीत गरि पेश गरेको हुनु पर्नेछ । आयोजनाको ड्र्इङ तथा डिजाइनहरु प्रीन्ट भर्सनको अलागा, सिडीरोम वा पेनड्राइभमा पनि उपलब्ध गराउन सकिनेछ ।

# आर्थिक प्रस्ताव

नोट : आर्थिक प्रस्तावमा यस खण्डमा उल्लिखित विषयहरु, तथा यस कागजातको प्रस्ताव मुल्याङ्कन सम्बन्धी खाका शिषकमा तथा यस कागजातको अन्य खण्डमा उल्लिखित विषयहरु समावेश गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

आर्थिक प्रस्ताव पेश गर्ने पत्रको नमुना

## FINANCIAL PROPOSAL SUBMISSION FORM

{Location, Date}

To: [Name and address of Client]

Dear Sirs:

We, the undersigned, offer to accept the proposal for [Insert title of assignment] in accordance with your Request for Proposal dated [Insert Date] and our Technical Proposal.

Our attached Financial Proposal is divided on different headings, most contributing headings are and proposed revenue per annum is as follows:

| S.No. | Sector of Revenue | Proposed Annual Revenue | Remarks |
|---|---|---|---|
| 1 | Porposed Annual Revenue | | |
| 2 | Proposed annual revenue after 5 years, based on total sales amount | | |
| 3 | Proposed annual CSR Fund | | |

The Government Taxs are [Choose One: Included/Excluded] in the given price.

Our Financial Proposal shall be binding upon us subject to the modifications resulting from Contract negotiations based on the bid document.

No commissions, gratuities or fees have been or are to be paid by us to agents or any other party relating to this Proposal and, in the case of award, Contract execution.

We understand you are not bound to accept any Proposal you receive.

We remain,

Yours sincerely,

Authorized Signature {In full}: ______________________________
Name and Title of Signatory: ______________________________
In the capacity of: ______________________________
Address: ______________________________

E-mail:______________________________

**आर्थिक प्रस्ताव मूल्याङ्कनमा समावेश हुने विषयहरु र पेश गर्ने कागजात सम्बन्धी मार्गदर्शन**

**१ आवश्यक योग्यता :** योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा आर्थिक प्रस्तावको मूल्याङ्कनको लागि तोकिएको क्षेत्रहरु निम्नानुसार रहेका छन् :

| | **आर्थिक प्रस्तावका क्षेत्रहरु** |
|---|---|
| १ | महानगरपालिकालाई प्रस्ताव गरेको बार्षिक रोयल्टि |
| २ | आयोजना कार्यान्वयन गर्ने सम्बन्धी वित्तीय स्रोत व्यवस्था र सो सम्बन्धी योजना |
| ३ | महानगरपालिकालाई ५ बर्ष पछाडि कुल कारोवारमा दिन प्रस्ताव गरेको रोयल्टि रकम |
| ४ | सियसआर अन्तर्गत प्रस्तावित रकम |
| ५ | उत्पादित सेवा विक्रीको लागि प्रस्तावित सेवा शुल्कको दर |
| ६ | महानगरपालिकालाई आयोजना फिर्ता बुझाउने कार्ययोजना |

**२ कागजात तैयारीको लागि सुझावहरु :** उक्त वमोजिमको उपक्षेत्रमा प्रस्ताव गरिएको अंक योग्यता तथा प्रस्ताव मूल्याङ्कनको आधार सम्बन्धी खण्डमा उल्लेख गरिएको छ । उक्त अंकहरुको थप विभाजन तथा तुलनात्मक रुपमा प्रस्तावदाताहरुको प्रस्ताव अध्ययन गरी अंक वाडफाँटको मापदण्ड समेत तैयार गरी मूल्याङ्कन हुन सक्ने भएकोले, सो वमोजिमका क्षेत्रमा अंक प्राप्त गर्न आफ्नो योग्यता, क्षमता तथा प्रस्ताव गरेको रोयल्टी जस्ता विषयहरु स्पष्ट रुपमा खुलाई कागजात तैयार गर्नु पर्नेछ ।

**३ कागजात तैयारीको लागि थप मार्गदर्शन**

१) विभिन्न सूचकहरुमा रही रोयल्टी रकमको गणना हुन सक्ने भएकोले आयोजना अवधिको हरेक बर्षको लागि प्रस्तावित रोयल्टी रकम खुलाई प्रस्ताव तैयार गर्नु पर्नेछ ।

२) आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभए सम्मको अवधिको लागि प्रस्ताव गरेको रोयल्टी रकम गणना गरिने छैन (सो अवधि सम्मको लागि महानगरपालिकाले साविक वमोजिम पट्टा लगाई आय ठेक्का मार्फत सामाग्री विक्री गर्न सक्नेछ) ।

३) आयोजना निर्माणको लागि प्रस्तावित १ बर्षको अवधिको लागि प्रस्ताव गरिएको रोयल्टी रकमलाई समग्र रोयल्टी रकमको फर्मुलामा नराखी केही निश्चित आधारहरुमा अंक प्रदान गरिने छ । आयोजना संचालनको पहिलो बर्ष (संझौताको दोश्रो बर्ष) देखी आयोजना हस्तान्तरण गर्ने अन्तिम ३४ औं बर्ष ( संझौताको ३५ औं) बर्षमा प्रस्ताव गरेको रोयल्टी रकमको आधारमा यो शिर्षकको अंक बाडफाँट गरिनेछ ।

४) आयोजना संचालनको ५ बर्ष पछि कुल कारोवार अंकको आधारमा दिन प्रस्ताव गरिएको रोयल्टी आयोजना संझौताको ६ बर्ष पुगेको मितिबाट लागू हुनेछ ।

## आशयपत्र जारी भए पश्चातको थप प्रकृया

प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित प्रकृयाहरु सम्पन्न भै छनौट भएको प्रस्तावदाताको नाममा आशय पत्र जारी भएपछिको थप प्रकृया निम्नानुसार हुनेछ :

१) प्रस्ताव जमानतलाई अन्तरिम कार्यसम्पादन जमानतमा परिणत गर्न सानिसा समितिबाट पत्राचार गर्ने

२) प्राप्त पत्रानुसार, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए वमोजिम अन्तरिम कार्यसम्पादन जमानत पेश गर्ने

३) महानगरपालिकाको दायित्व तर्फका पूर्वाधार निर्माणको लागि संयुक्त रुपमा स्थलगत अध्ययन गरी लागत एकीन गर्ने,

४) संझौताको लागि वार्ता गर्न सकिने भनी एकीन भएका विषयहरुमा वार्ता गर्ने

५) प्रस्तावदाताले खर्च व्यहोर्ने शर्तमा महानगरपालिकाबाट वातावरण अध्ययन प्रतिवेदनको कार्य अगाडि वढाउने

६) संझौताको मस्यौदा तैयार गर्ने र दुवै पक्षको अधिकार र दायित्व सिर्जना नहुने गरी प्रारम्भिक हस्ताक्षर गर्ने

७) प्रदेश सरकार तथा नेपाल सरकारका सम्बन्धित निकायमा स्वीकृति वा सहमतिको लागि पत्राचार गर्ने

८) संझौतामा हस्ताक्षर गर्ने, तथा प्रस्तावदाताले महानगरपालिकाको कुनै दायित्व सिर्जना नहुने शर्त राखी माग गरेमा प्रस्तावदातालाई वातावरणीय अध्ययन प्रतिवेदन तर्जुमा, वित्तीय व्यवस्थापन (Financial Closure), कार्यालय स्थापना, कर्मचारी नियुक्ती, निर्माण व्यवसायी छनौट, मेशिनरी उपकरण आयात जस्ता कार्य संग सम्बन्धित दफा कार्यान्वयनको लागि सशर्त आंशिक कार्यादेश दिने ।

९) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउने र यसै मितिबाट संझौताको ३५ बर्षको गणना आरंभ हुने ।

१०) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन समेत संलग्न विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने ।

११) वातावरणीय अध्ययन प्रतिवेदन तथा विस्तृत परियोजना प्रतिवेदनको आधारमा थप वार्ता गर्नु पर्ने अवस्था देखिएमा प्रस्तावदाताले लिखित पत्रद्धारा वार्ताको लागि अनुरोध गर्नु पर्ने

१२) पुनः वार्ताको लागि अनुरोध भै आएमा यसै कागजातमा उल्लिेखित शर्तको अधिनमा रही वार्ता गर्न सकिने ।

१३) वार्ताका विषयबस्तुहरुमा भएको सहमति वमोजिम संभ्कौताको मस्यौदा परिमार्जन गरिने, उक्त मस्यौदा सार्वजनिक निजी साझेदारी समितिले अनुमोदन गर्नु पर्ने

१४) उक्त वार्ता तथा परिमार्जित संभ्कौता अनुमोदनको लागि एक महिना भन्दा ज्यादा समय लिएमा, तथा प्रस्तावदाताले अनुरोध गरेमा उक्त कार्यहरुका लागि लागेको समय संभ्कौता अवधिमा गणना नहुने गरी संभ्कौताको म्याद कायम गर्न सकिने ।

१५) संभ्कौतामा अन्तिम हस्ताक्षर हुने र आयोजना कार्यान्वयनको अनुमति पत्र (कार्यादेश) जारी गरिने ।

१६) सानिसाको अवधारणा वमोजिम लिखित संभ्कौतामा पुगेका दुवै पक्षको संभ्कौतामा लेखिए वमोजिम अधिकार तथा दायित्व सिर्जना हुने

## संझौता वार्ताका विषयबस्तुहरु

आशयपत्र प्राप्त गरी संझौता तर्फ प्रकृया अगाडि वढेको प्रस्तावको विषयमा निम्न विषयमा वार्ता गरी संझौताको मस्यौदालाई अन्तिम रुप दिन सकिनेछ ।

क) प्रस्ताव मूल्याङ्कन सम्बन्धी खाका शिर्षकमा उल्लेख गरिएको अवस्था

ख) आयोजना कार्यान्वयनको क्रममा आउनसक्ने वाधा ब्यवधानको विषय

ग) प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित निकायबाट लिनु पर्ने सहमतिको प्रकृया तथा सहमति प्राप्त नभएको अवस्थाको व्यवस्थापनको विषय

घ) आयोजना प्रवर्धकले आयोजना संचालन गर्ने कम्पनीको शेयर स्वामित्व हस्तान्तरण गर्न तोक्ने शर्तहरुको विषय

ङ) संझौता पश्चात महानगरपालिकाको तर्फबाट संझौता उल्लंघन वा संझौता अन्त्य भएको अवस्थामा प्रस्तावदाताले पाउने क्षतिपूर्तिको विषय

च) विविध वाधा विरोधको कारणले, अदालत तथा अन्य सरकारी निकायको आदेश निर्देशनले काम स्थगित गर्नु परेको अवधिको गणनाको विषय

छ) आयोजनाको विमा सम्बन्धी विषय

ज) आयोजना हस्तान्तरण गर्दाको समयमा आयोजनाको भौतिक अवस्था (खासगरी मर्मत संभार) जस्ता विषय

झ) आयोजनाको वातावरणीय अध्ययन सम्पन्न गरी त्यस्तो प्रतिवेदन स्वीकृत गर्नको लागि लाग्ने समयको आयोजना संझौता अवधिमा गणना नगर्ने विषय

ञ) सिर्जना हुने रोजगारीमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्ने विषय

ट) Corporate Social Responsibility (CSR) स्वरुप निश्चित रकमको व्यवस्थापन गर्ने विषय

ठ) आशयपत्र जारी भएको प्रस्तावदाताले वार्ता मार्फत टुंगो गर्नु पर्ने भनी लिखित रुपमा पेश गरेका र सार्वजनिक निजी साझेदारी समितिले स्वीकार गरेका अन्य विषयहरु

ड) संझौता पश्चात दुई पक्षको बीचमा कुनै विवाद उत्पन्न भएको र केही चरणको छलफल पश्चात पनि निचोडमा पुग्न नसकेको अवस्थामा उक्त विवाद निराकरणको लागि विवाद समाधानका बैकल्पिक उपायहरु Alternative Dispute Resolution (ADR) अवलम्बन गर्ने विषय

ढ) आयोजनाको सवल पक्षहरुमा केन्द्रीत रही नियतवशः प्रस्तावदातालाई आयोजनाबाट हटाउन खोजीएमा आयोजना प्रस्तावदाताले पाउने थप क्षतिपूर्ति तथा नियत निर्धारणका विषय

ण) नदीमा पूर्वानुमान गरिए भन्दा ठूलो स्केलको प्रकोप आई मर्मत संभारको लागि ६ महिना भन्दा लामो समय लाग्ने अवस्था भएको वा आयोजना स्थलको स्वरुप नै परिवर्त हुन गै संचालित आयोजना सोही स्वरुपमा संचालन गर्ने संभावना समाप्त भएको अवस्थाको विषय

त) निर्मित संरचनामा कुनै पर्यटकीय गतिविधि संचालन हुने अवस्थामा त्यसका शुल्कहरु निर्धारण गर्ने तथा सुरक्षाका मापदण्ड निर्माण गर्ने विषय

थ) वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने सुनिश्चितताको लागि बैंक जमानतको विषय

द) आयोजना हस्तान्तरणको क्रममा गर्नु पर्ने मर्मत संभारको कार्य गर्ने सुनिश्चितताको लागि बैंक जमानत

ध) आयोजना हस्तान्तरण हुने मितिबाट थप १ बर्षको लागि आयोजनाको विमा गर्ने विषय

न) महानगरपालिकाको दायित्व तर्फका पूर्वाधार निर्माण महानगरपालिकाबाटै गर्ने वा उक्त निर्माणको लागि आवश्यक पर्ने लागत अनुमान वमोजिमको रकम रोयल्टी रकमको किस्तामा हिसाव मिलाउने गरी स्वीकृत प्रस्तावदाताले नै उक्त निर्माण कार्य गर्ने भन्ने विषय

प) संरचना निर्माण भएको स्थानको निश्चित दुरी सम्म उपल्लो तटिय क्षेत्रमा यस्तै प्रकृतिको वा उद्देश्य भएको अर्को संरचना भविष्यमा निर्माण गर्न सहमति दिने विषय

नोट :

१) माथिकका शर्तहरुको विषयमा वार्ता गर्न सार्वजनिक निजी साझेदारी समितिले वार्ता समिति गठन गर्न सक्ने छ ।

२) माथिका बुँदाहरुमा केन्द्रीत रही वार्ता गर्दा प्रस्ताव सम्बन्धी कागजातमा नै निर्धारण गरिएका प्रतिस्पर्धाका मूख्य शर्तहरु सकेसम्म हेरफेर नगर्ने गरी वार्ता गरिने छ । यस दफाको प्रयोजनको लागि सामान्यतया महानगरपालिकाले पाउने तय भएको रोयल्टि रकम घटाउने गरी वार्ता गरिने छैन तर मूल्याङ्कन सम्बन्धी खाकामा उल्लेख गरिएको अवस्था आएमा यस शर्तमा पनि बार्ता गर्न सकिनेछ ।

## सम्बिन्धित निकायको अनुमति वा स्वीकृति लिने सम्बन्धी प्रकृया

सार्वजनिक निजी साझेदारीको खाका वमोजिम, यस कागजात वमोजिम प्रतिस्पर्धाको चरण सम्पन्न भै आशय पत्र जारी भएपछि, तथा अनुमति पत्र जारी गर्नु अगाडि निम्न वमोजिमको प्रकृया पुरा गरिनेछ :

१) ठूलो नदी प्रणालीमा संरचनाहरु निर्माण गर्नु पर्ने भएकोले, गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित निकायको अनुमति वा स्वीकृति लिने कार्य महानगरपालिकाले गर्नेछ । यो प्रकृया संझौताको प्रारम्भिक मस्यौदा तैयार गरेपछि आरम्भ गरिनेछ ।

२) प्रारम्भि समझदारीमा हस्ताक्षर गर्ने, अन्तिम संझौताको प्रस्ताव तैयार गरी प्रारम्भिक हस्ताक्षर (Initial Signing) गर्ने, संझौता गर्ने तथा अनुमति पत्र जारी गर्ने (कार्यादेश दिने) सम्बन्धी प्रकृया यसै कागजात वमोजिम तथा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन तथा नियमावलीमा उल्लेख गरे वमोजिम सम्पन्न गरिनेछ ।

## संझौताको मस्यौदामा समेटिने विषयहरु

सार्वजनिक निजी साझेदारी कानुन वमोजिम प्रतिस्पर्धा मार्फत प्रस्तावदाता तथा प्रस्ताव छनौट भएपछि निम्न विषयहरु आधारित भै महानगरपालिकाले संझौताको मस्यौदा तैयार गर्नेछ :

क) प्रस्ताव मूल्याङ्कन सम्बन्धी खण्डमा उल्लेख गरिएका, अन्तिम संझौतामा समावेश गर्नु पर्ने विषयहरु

ख) प्राविधिक तथा आर्थिक प्रस्तावमा प्रस्तावदाताले कवोल गरेका विषयहरु

ग) यस कागजातमा अन्तिम संझौता गर्नु पूर्व वार्ता गर्न सकिने भनी उल्लेख गरेका विषयहरुमा वार्ता गरी दुवै पक्षलाई स्वीकार्य भएका विषयहरु

घ) सार्वजनिक निजी साझेदारीको मूल्य मान्यता वमोजिम संझौतामा समेट्नु पर्ने विषयहरु

ङ) नेपालको प्रचलित करार कानुन बमोजिम दुई पक्षको बीचमा गरिने संझौतामा सामान्यतया समावेश गरिने विषयहरु

च) सार्वजनिक निजी साझेदारी समितिले संझौतामा उल्लेख गर्ने भनी निर्णय गरेका विषयहरु

छ) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले संझौतामा समावेश गर्न अनुरोध गरेका र सार्वजनिक निजी साझेदारी समितिले स्वीकार गरेका विषयहरु

ज) संझौताको केही शर्तहरुमा दुई पक्ष मञ्जुर नभएमा सानिसा समितिले गरेको निर्णय अन्तिम हुनेछ तर यस्तो निर्णय स्वीकार गर्न प्रस्तावदाता तैयार नभएमा, सो को लिखित जानकारी दिएमा सुविस्ताको आधारमा प्रकृया अन्त्य गर्न सकिनेछ र यस अवस्थामा अन्तरिम जमानत समेत जफत गरिने छैन ।

# पूर्व संभाब्यता अध्ययनको महत्वपूर्ण पक्ष समेटिएको संक्षीप्त प्रतिवेदन

पूर्व संभाब्यता अध्ययन प्रतिवेदनको सार संक्षेप यसै कागजातको साथ, अनुसूचीको रुपमा संलग्न गरिएको छ ।